# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# शनिश्चरे, झापा
# १ न प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति :- २०७७/०४/२१

**विषय :-** अर्जुनधारा नगरपालिकाद्वारा संचालित क्वारेन्टाईन व्यवस्थापनको लागि चिया ,खाना तथा नास्ताको व्यवस्थापन सम्वन्धि **शिलबन्दी कोटेशन पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत बिषयमा आ.व. २०७७/०७८ का लागि यस अर्जुनधारा नगरपालिकाद्वारा संचालित क्वारेन्टाईन व्यवस्थापनको लागि आवश्यक चिया ,खाना तथा नास्ताको व्यवस्थापन गर्ने प्रयोजनको लागि उल्लेखित चिया ,खाना तथा नास्ता के कति दर रेटमा उपलब्ध गराउन सकिन्छ सो को विवरण यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कर चुक्ता, संस्था/ फर्म/कम्पनीको प्रमाणपत्रको प्रतिलिपी, नविकरण र सक्कल निवेदन सहित(क) र (ख)को लागि एकमुष्ट शिलबन्दी दरभाउपत्र यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सवै सरोकारवालाहरुमा यो सूचना प्रकाशित गरिएको छ ।

क.नियमिततर्फ प्रति प्याकेज

| क.सं | विवरण | संलग्न हुने खाना तथा खाजा | शिलबन्दी वोलपत्रवालाले उल्लेख गर्नुपर्ने विवरण |
|---|---|---|---|
| १ | बिहान ७ वजे बिहानको नास्ता | चिया र विस्कुट | क.सं १ देखि ४ सम्मको लागि प्रति प्याकेज एक जनालाई आधार मानेर |
| २ | बिहान ९:३० बजे खाना | जिरा मसिनो चामल,मुसुरो दाल,१ वटा सव्जी र १ वटा अचार | |
| ३ | दिउँसो १:३० बजे खाजा | आलु ,चना,मुरैमध्ये एकसँग एउटा अण्डा अनिवार्य | |
| ४ | साँझ ६:३० बजे खाना | जिरा मसिनो चामल,मुसुरो दाल,१ वटा सव्जि र १ वटा अचार | |

ख.अर्जुनधारा नगरपालिकाले निर्धारण गरेवमोजिम

| क.सं | विवरण | परीमाण | शिलबन्दी वोलपत्रवालाले उल्लेख गर्नुपर्ने विवरण |
|---|---|---|---|
| १ | खसीको मासु | १ के.जी | क.सं १ देखी ४ सम्मको लागी मासुको हकमा प्रति प्याकेज एक के.जि र<br>दूधको हकमा प्रति प्याकेज एक लि. |
| २ | लोकल कुखुराको मासु | १ के. जी | |
| ३ | व्रोईरल कुखुराको मासु | १ के. जी | |
| ४ | दुध | १ लि | |

ग. बोलपत्र स्वीकृत गर्ने प्रयोजनको लागि माथि उल्लेखित क. र ख.को लागि एकमुष्ट मुल्याङकन प्रणाली लागु हुनेछ।

घ.पकाउने,वितरण गर्ने,ढुवानी गर्ने,सफाई गर्ने लगायतका सम्पूर्ण कार्य छनौट भएको बोलपत्रवालाले गर्नुपर्नेछ।

ङ.चिया,नास्ता ,खाना तथा मासुको नियमित गुणस्तर जाच गरिने र कैफियत देखिएको खण्डमा सम्वन्धित पक्ष प्रचलित कानुन वमोजिम कारवाहीको भागि हुनेछ ।

च. क्वारेन्टाईन सन्चालन हुने स्थान **:अर्जुनधारा नगरपालिका वडा नं ३ जोरसिमल ।**